
# औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

परियोजना कार्यालय

## मोतिपुर औद्योगिक क्षेत्र

# संक्षिप्त जानकारी




- नेपाल सरकार मन्त्रिपरिषद्को बि.स.२०७२/१२/०१ को निर्णय अनुसार लुम्बिनी प्रदेश रुपन्देही जिल्लाको साविक बुटवल नगरपालिका, टिकुलिगढ़ गा.बि.स, आनन्दवन गा.बि.स र फर्साटिकर गा.बि.स का केहि भाग (हाल बुटवल उपमहानगरपालिका, तिलोत्तमा नगरपालिका, सुद्धोधन गाँउपलिका) चार किल्ला तोकि ८१३ बिगाहामा मोतिपुर औद्योगिक क्षेत्र घोषणा भएको ।
- नेपाल सरकारको मिति २०७३/१/१२ को निर्णय अनुसार
  १. नेपाल सरकार मन्त्रिपरिषद मिति २०७२/१२/०१ गतेको निर्णयले औद्योगिक क्षेत्र स्थापना गर्न चार किल्ला तोकी घोषणा भएका जग्गाहरुको नापजाँच र सिमा छुट्याई क्षेत्रफल यकिन गरिदिने कार्य भूमिसुधार तथा व्यवस्था मन्त्रालयले गर्ने ।
  २. खण्ड (१) बमोजिम कायम हुने जग्गाको स्वामित्व औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको नाममा कायम गर्ने ब्यबस्था भूमिसुधार तथा ब्यबस्था मन्त्रालयले मिलाउने ।
  ३. खण्ड (१) बमोजिम कायम भएको औद्योगिक क्षेत्रको जग्गामा पर्ने वन क्षेत्रको जग्गाको भोगाधिकार औद्योगिक क्षेत्र ब्यबस्थापन लिमिटेडलाई दिने ब्यबस्था वन मन्त्रालयले मिलाउने ।
- औ.क्षे.व्य.लि.को संचालक समितिको मिति २०७५/०२/२१ को बैठकबाट ६४१ हेक्टर (९४६.४६ बिगाह) DPR स्वीकृत । धनीपुर्जा प्राप्त ८१३ बिगाह र पुर्जा प्राप्त नभएको १३३.४६ बिगाह गरी जम्मा ९४६.४६ बिगाह जग्गामा मिति २०७७/१०/१३ को निर्णयबाट वातावरणीय प्रभाव मुल्यांकनको SD & TOR स्वीकृत ।
- बिस्तृत अध्ययन प्रतिवेदन (DPR) अनुसार लागत रकम रु.१२ अर्ब ।

# औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

परियोजना कार्यालय

## मोतिपुर औद्योगिक क्षेत्र

- घोषणा भएको चार किल्ला भित्र परेको घना बस्ति लाई उचित व्यवस्थापन गर्न सम्बन्धित निकायहरु संग छलफल तथा समन्वय भइरहेको र सोहि बमोजिम मास्टर प्लान तयार भएको ।
- औद्योगिक प्लट संख्या र क्षेत्रफल :
  - ➢ Sector A (तिलोतमा) र Sector C (फर्सीटिकर) लाई बिदेशी लगानीमा आधारित उद्योग स्थापनाको लागि एकमुस्ट जग्गा उपलब्ध गराउने |
  - ➢ (SECTOR B - मोतिपुर ) : २६२ वटा मध्ये
    - ❖ साना उद्योगको लागि ९२ वटा प्लट छुट्याइएको जसमा ४.९ रोपनी जग्गा रहेको
    - ❖ मझौला उद्योगको लागि ५१ वटा प्लट छुट्याइएको जसमा ४.५ रोपनी जग्गा रहेको
    - ❖ ठुला उद्योगको लागि ११९ वटा प्लट छुट्याइएको जसमा ५.१ रोपनी जग्गा रहेको
    - ❖ अनुमानित प्रत्यक्ष र अप्रत्यक्ष रोजगारीको संख्या : ३० हजार
    - ❖ बिस्तृत अध्ययन प्रतिवेदन बमोजिम उद्योगहरुको क्लस्टर बमोजिम प्लट छुट्टयाइएको र स्थानीय कच्चापदार्थमा आधरित उद्योगलाई बिशेष ग्राह्यता रहेको |
    - ❖ नेपाल सरकारको One Stop Service Center नीतिको आधारमा यस औद्योगिक क्षेत्रभित्र उद्योग दर्ता ,भन्सार तथा कर कार्यालय स्थापना गर्न मिल्ने गरी पूर्वाधार डिजाईन भएको |
- बहुबर्षीय आयोजना घोषणा तथा बजेटको सुनिस्चितताको लागि प्रस्ताब पेश भएको र निर्माणको लगानीको आधार सार्वजनिक - निजि - साझेदारी वा बिदेशी लगानी वा बिदेशी अनुदान वा अन्तरास्ट्रिय वित्तीय संस्था मार्फत श्रोतको व्यवस्थापन र स्वदेशी लगानी कर्ता मार्फत आयोजनाको विकास हुने |
- शिलान्यास भएको १ महिना भित्र उद्योग स्थापनाको लागि आशयपत्र आवहान गरिने ,उक्त आव्हान पत्रको आधारमा ६ महिना भित्र उद्योगीहरुलाई चाहिने न्युनतम पूर्वाधारहरु(अस्थाई सडक,बिद्युत र पानि) को व्यवस्थापन गरी औद्योगिक क्षेत्र र उद्योगीहरुले संग संगै आ-आफ्नो पूर्वाधारको निर्माण कार्यको थालनी गरी २ वर्ष भित्र सम्पन्न पश्चात उद्योग संचालनमा ल्याउने र ५ वर्ष भित्रमा औद्योगिक क्षेत्र व्यवस्थापन लि.ले सम्पूर्ण पूर्वाधारहरुको निर्माण सम्पन्न गरिसक्ने लक्ष्य रहेको |
- हाल स्थापना हुने औद्योगिक क्षेत्रहरुमा उद्योगहरुलाई आकर्षण र प्रवर्द्धन गर्नको लागी
  - ➢ न्युनतम ५ बर्षको लागी जग्गाको भाडामा पूर्ण छुट र १० बर्ष पछि बाट मात्र भाडादर कायम हुने ।
  - ➢ उद्योगले खपत गर्ने पानीमा सहुलियतको व्यवस्था गरिने |
  - ➢ बिद्युत खपतको आधारमा छुट दिने व्यवस्थाको लागि नेपाल सरकार समक्ष अनुरोध गरिने |
  - ➢ बिध्यमान रहेको औ.क्षेत्र व्यवस्थापन तथा संचालन नियामावली समय सापेक्ष शंसोधन गरी उद्योग मैत्री बनाईनेछ |
  - ➢ औद्योगिक क्षेत्र भित्र रहेका उद्योगहरुलाई आवस्यक पर्ने कच्चापदार्थ मिल-मेसिनरी पैठारी गर्दा भन्सारमा लाग्ने बिलम्ब शुल्क (Demurrage charge) नलाग्ने कार्यको लागी पहल गर्ने |

- औद्योगिक क्षेत्र भित्रको जग्गामा उद्योग गर्दा बैंकबाट ऋण लिन लगानी कर्तालाई असहज परिरहेको अवस्थालाई मध्येनजर राख्दै ति उद्योगहरुमा ऋण प्रदान गर्न को लागि माथिल्लो निकायमा पहल भईरहेको ।